पाख्रीबास नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

पाख्रीबास,धनकुटा

२०७३

**कोशी प्रदेश,नेपाल**

प.सं.: २०७९/०८०

च.नं.:

मिति:२०८०/०१/१२

विषयः सार्वजानिक सूचना सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा नेपाल सरकार रक्षा मन्त्रालय नेपाली सेना नं. २ बाहिनी अडडा, हिले ब्यारेक धनकुटाको मिति २०८०/०१/११ गतेको सचेत गराईदिने सम्बन्धमा भएको पत्र बमोजिम हिले ब्यारेक धनकुटाले भोगचलन गर्दै आइरहेको ब्यारेक पेरिमिटर इलाकामा स्थानीय नागरिकहरु आफूखुशी तारबारभित्र छिरी अनाधिकृत रुपमा ब्यारेक ईलाकामा प्रवेश गरी घाँस दाउरा, चरिचरण र ब्यारेक इलाकामा घुम्न समेत आउने गरेको साथै सैनिक इलाका सुरक्षाको हिसाबले अति संवेदनशील क्षेत्र भएकोले सो इलाका भित्र विभिन्न सैनिक अभ्यास तथा फायरिङहरु संचालन भइरहने र ब्यारेक पेरिमिटर सुरक्षाको लागि विभिन्न IED (बम) बिछ्याइएको हुदाँ भविष्यमा अनाधिकृत व्यक्तिहरु प्रवेश गरी कुनै पनि दुर्घटना हुनसक्ने संभावना रहेकोले स्थानीय सर्वसाधारण, बुद्धिजीवी, सरोकारवाला नागरिकहरुलाई अनाधिकृत रुपमा तारबार नाघी ब्यारेक इलाकामा प्रवेश नगर्नु / नगराउनु जानकारी तथा सचेत समेत गराईदिनुहुन भनी पत्र प्राप्त भएकोमा यस पाख्रीबास नगरपालिका क्षेत्रका सम्पूर्ण नगरबासी महानुभावहरु र विशेष गरी पाख्रीबास नगरपालिका वडा नं. २ र वडा नं. ३ का वडाबासी महानुभावहरुले सो हिले ब्यारेक क्षेत्रको तारबार भित्र माथि उल्लेखित कुनै किसिमको कार्यहरु नगर्नु/ नगराउनुहुनु साथै सो क्षेत्रमा अनावश्यक कार्यहरु गरी धनजनको क्षति हुन गएमा सो को जिम्मेवारी स्वयंम आफै हुने समेत यसै सार्वजानिक सूचना मार्फत जानकारी गराईन्छ।

............ ०८०।१।१२

गोर्ख बहादुर तामाङ

नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत



फोन नं.: ०२६-४०५१६७, वेबसाइटःwww.pakhribasmun.gov.np ईमेलःpakhribas.nagarpalika@gmail.com